# रोल्पा राजपत्र

रोल्पा नगरपालिका नगर कार्यपालिकाबाट प्रकाशित

खण्ड १) रोल्पा, असार महिना १० गते, २०७५ साल (संख्या २

**भाग-१**

**रोल्पा नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ उपदफा (१) बमोजिम रोल्पा नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# रोल्पा नगरपालिकाको विनियोजन ऐन-२०७५

रोल्पा नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः२०७५/०३/१०

प्रस्तावनाः. रोल्पा नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम रोल्पा नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “रोल्पा नगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५७९४१९२२२ (अक्षेरुपी सन्ताउन्न करोड चौरानब्बे लाख उन्नाइस हजार दुइ सय बाइस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त रोल्पा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

रु. लाखमा

| क.स | संघबाट प्राप्त | | | प्रदेशबाट प्राप्त | | | गत अल्या | आन्तरीक आय | आन्तरीक ऋण | बहुक्षेत्रीय पोषण कार्यक्रम | सामाजिक सुरक्षा कार्यक्रय | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | राजश्व बाँडफाँट | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | राजश्व बाँडफाँट | | | | | | |
| २ | १०७४ | १९२८ | ८७५ | ४३ | ७६ | ५२ | ६६१ | २०० | ३१८ | १७ | ५५० | ५७९४ |

प्रमाणिकरण मिति- २०७५/०३/१०

आज्ञाले,
सावित्रा पुन थापा
प्रमुख प्रशासकीय अधिकृत